जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-१६, २०८३ कात्तिक १९ गते विहीबार, 5 Nov 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

प्लास्टिकका फूल

प्रयोग नगरौं



प्राकृतिक फूल प्रवर्द्धन गरौं

○ सहीखबर संवाददाता

मकवानपुर । तिहारलगायतको चाडपर्वका अवसरमा प्लास्टिक तथा कृत्रिम फूलमालाको प्रयोग बढ्दै गएपछि हेटौंडा उपमहनगरपालिकाले यस्तो बजारलाई प्रतिवन्धित गरेको छ ।

प्राकृतिक फूलको प्रयोगलाई प्रोत्साहन गर्न उपमहानगरपालिकाले स्थानीय स्तरका ३१ जना पुष्प व्यवसायीहरुको नाम र सम्पर्क नम्बर सार्वजनिक गर्दै प्लाष्टिक तथा कृत्रिम फूलमालाको प्रयोग नगर्न भनेको हो ।

स्थानीय पुष्प व्यवसायीहरुलाई प्रोत्साहन गर्ने नीतिका साथ हेटौंडा उपमहानगरपालिकाले प्राकृतिक फूलमालाको प्रयोग गर्न नगरवासीलाई आग्रह गरेको हो ।

अघिल्लो वर्ष पनि उपमहानगर ले प्लास्टिको फूलमाला विक्री गरिएको अवस्थामा पसलहरुबाट यस्ता मालाहरु जफत गरेको थियो ।

नेपालीहरूको महान् चाड तिहार तथा दीपावलीको अवसर पारेर उपमहानगरपालिकाले कात्तिक १८ गते जारी गरेको सूचनामा स्थानीय कृषकको उत्पादन प्रवर्द्धनमा सहयोग पुग्ने गरी प्राकृतिक फूलमाला प्रयोग गर्न र गराउन सम्बन्धित सबैलाई अनुरोध गरिएको छ ।

प्लास्टिक तथा कृत्रिम फूलमालाको प्रयोगले वातावरणीय प्रदूषण बढाउने भएकाले यसको सट्टा प्राकृतिक फूलमालाको प्रयोगलाई प्रोत्साहन गर्न उपमहानगरपालिकाले यस्तो पहल गरेको जनाएको छ । स्थानीय किसानले उत्पादन गरेका फूलको बजार सुनिश्चित गर्दै कृषि उत्पादनको प्रवर्द्धन र किसानको आयआर्जनमा समेत सहयोग पुऱ्याउने उपमहानगरपालिकाको उद्देश्य रहेको नगर प्रमुख मिना कुमारी लामाले बताउनुभयो ।

प्राकृतिक फूलमालाको खरिद-बिक्री तथा बजारीकरणमा सहजता ल्याउन उपमहानगरपालिकाले व्यावसायिक फूलखेती गर्दै आएका ३१ जना कृषकको नाम, ठेगाना र सम्पर्क नम्बरसहितको विवरणसमेत सार्वजनिक गरेको छ । सार्वजनिक विवरणअनुसार हेटौंडा उपमहानगरपालिकाका विभिन्न वडामा सयपत्री फूलखेती गर्ने कृषकहरू रहेका छन् ।

सूचीमा हेटौंडा-४ का सन्तोष सापकोटा, हेटौंडा-६ का बालकृष्ण चौलागाईं र अनुराधा उप्रेती, हेटौंडा-८ की उर्मिला चौलागाईं, हेटौंडा-१० की ललिता उप्रेती तथा हेटौंडा-१२ र १३ का विभिन्न कृषक समेटिएका छन् । विवरण छुटेका तर पुष्प व्यवसाय गर्दै आएका व्यवसायीहरुलाई उपमहानरको रेकर्डमा आफूलाई दर्ज गराउन समेत आग्रह गरेको छ ।

उपमहानगरपालिकाले फूलमाला खरिद गर्न चाहने उपभोक्ता तथा व्यवसायीलाई सार्वजनिक गरिएको सम्पर्क विवरणका आधारमा उत्पादक किसानसँग प्रत्यक्ष सम्पर्क गर्नसमेत सहज हुनेछ ।

तिहारमा घर, मठमन्दिर तथा सार्वजनिक स्थान सजाउन फूलमालाको माग बढ्ने गर्दछ । यस्तो समयमा बजारमा प्लास्टिकका कृत्रिम फूलमाला भित्रिने र प्रयोगपछि लामो समयसम्म नष्ट नहुने फोहोरका रूपमा रहने समस्या भएकोले आफूहरुको ध्यानाकर्षण भएको नगरप्रमुख लामाले बताउनु भयो ।

प्राकृतिक फूलमालाको प्रयोगले वातावरण संरक्षणसँगै स्थानीय उत्पादनको खपत बढाउन र किसानलाई व्यावसायिक फूलखेतीतर्फ आकर्षित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको उहाँले बताउनु भयो ।

स्थानीय उत्पादनको प्रवर्द्धन, वातावरण संरक्षण र किसानको आर्थिक सशक्तीकरणलाई एकैसाथ जोड्ने उद्देश्यसहित उपमहानगरपालिकाले प्राकृतिक फूलमालाको प्रयोगलाई प्राथमिकता दिन नगरवासी तथा व्यवसायीलाई आग्रह गरेको छ ।

इन्साइड ---- स्टोरी

प्रहरी सङ्गठनलाई राजनीतिक स्वार्थको प्रयोगशाला बन्न नदिऊँ



श्रृया केसी

विचार : पेज २ मा

बागमतीको डिजिटल आयोजना ट्रयाकिङमा अनेक उल्झन

पेज ३ मा

नवौं संस्करणको बागमती गोल्डकप मंसिर ८ गतेबाट



पेज ६ मा

आफ्नो घर, आँगन तथा टोल स्वच्छ र सफा राखौं

सभ्य नागरिकको परिचय दिऔं

- हाम्रो वरपरको वातावरण सरसफाई राखौं। स्वच्छ वातावरणमा बाचौ र रमाऔं । <u>बातावरण सफा राख्न:</u>

☞ सार्वजनिक स्थानहरू सफा राख्नुहोस्, फोहोर उचित ठाउँमा फाल्नुहोस् ।

☞ वातावरण संरक्षणमा ध्यान दिनुहोस्, पुनः प्रयोग र रिसाइक्लिङलाई प्राथमिकता दिनुहोस् ।

<u>सरसफाइका फाइदाहरू</u>

- रोग र संक्रमणबाट बच्न सकिन्छ,
- शारीरिक र मानसिक स्वास्थ्य सुधार हुन्छ,
- आत्मविश्वास बढ्छ,
- समाजमा सकारात्मक छवि निर्माण हुन्छ,
- नयाँ पुस्ताले सकारात्मक ज्ञान आर्जन गर्न सक्नेछन्,
- व्यक्ति र समाजको सभ्य पहिचान/परिचय बन्दछ ।

११ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

दीपावलीको शुभकामना

शुभ दीपावली, नेपाल सम्वत तथा छठ पर्वको अवसरमा हाम्रा पाठक वर्गहरू,ज्ञापनदाताहरू, स्तम्भकार, शुभचिन्तकलगायत आमनेपालीहरूमा सुख, शान्ति,समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।



साप्ताहिक परिवार

सहीखबर

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

चाडपर्व र पर्यटन प्रवर्द्धन

नेपालीका प्रमुख चाडपर्व दसैँ, तिहार र छठले नेपाली समाजमा सांस्कृतिक र सामाजिक एकता मात्र अभिवृद्धि गर्दैनन्, आन्तरिक पर्यटन प्रवर्द्धनको अवसरसमेत सिर्जना गर्छन्। तिहार नजिकिँदै गर्दा बजारमा चहलपहल बढेको छ। रोजगारी तथा अध्ययनका लागि घरबाहिर रहेका नागरिक गाउँ फर्कने क्रम बढ्दै छ। यही अवसरलाई स्थानीय पर्यटन प्रवर्द्धनसँग जोड्न स्थानीय सरकारले विशेष पहल गर्न आवश्यक छ। चाडपर्वका बेला गाउँघरका धार्मिक स्थल, ऐतिहासिक सम्पदा, प्राकृतिक गन्तव्य र पर्यटकीय क्षेत्र घुम्ने प्रवृत्ति बढ्दो छ। चाडपर्वमा गाउँ फर्किने र घुमफिर गर्ने नागरिकको चहलपहललाई स्थानीय पर्यटन प्रवर्द्धनको अवसरमा बदल्न नसक्नु स्थानीय सरकारको कमजोरी हुनेछ। पर्यटकीय सम्भावना भएर पनि पूर्वाधार, प्रचार र व्यवस्थापनको अभावमा गन्तव्य ओझेलमा परिरहनु विकासको असफलता हो।

अब स्थानीय सरकारले बजेट खर्चेर संरचना ठड्याउने प्रवृत्तिभन्दा पर्यटक भित्र्याउने, स्थानीय उत्पादनको बजार विस्तार गर्ने र नागरिकलाई रोजगारी दिने परिणाममुखी योजनामा ध्यान दिनुपर्छ। पर्यटकीय गन्तव्य विनाउन नसक्ने, सम्पदा जोगाउन नसक्ने र स्थानीयलाई लाभ पुर्‍याउन नसक्ने पर्यटन योजनाको कुनै अर्थ छैन। चाडपर्वको चहलपहल क्षणिक नहोस्, त्यसलाई स्थानीय अर्थतन्त्रको दिगो आधार बनाउने जिम्मेवारी स्थानीय सरकारकै हो।

तिहार फूल, उज्यालो र संस्कृतिको पर्व पनि हो। स्थानीय कला, संस्कृति, परम्परागत खानपान र ग्रामीण जीवनशैलीलाई पर्यटनसँग जोड्ने यो उपयुक्त समय हो। स्थानीय उत्पादनको बिक्री, होमस्टे सञ्चालन र साना व्यवसायको प्रवर्द्धनबाट गाउँको अर्थतन्त्रसमेत चलायमान बन्छ। त्यसैले चाडपर्वलाई केवल बिदा र उत्सवका रुपमा मात्र नभइ पर्यटन तथा स्थानीय आर्थिक गतिविधि बढाउने अवसरका रुपमा उपयोग गर्नुपर्छ। चाडपर्वको चहलपहललाई स्थानीय समृद्धिसँग जोड्न सके पर्यटन प्रवर्द्धनले सार्थकता पाउनेछ।

प्रहरी सङ्गठनलाई राजनीतिक स्वार्थको प्रयोगशाला बन्न नदिऊँ



श्रृया केसी

नेपाल प्रहरी राज्यको शान्ति सुरक्षा, कानुनी शासन र नागरिकको जीवन रक्षाजस्ता महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्ने निकाय हो।
राजनीतिक स्वार्थ, शक्ति संघर्ष र हस्तक्षेपका कारण प्रहरी संगठनको व्यावसायिकता र विश्वसनीयतामाथि प्रश्न उठेको छ।
प्रहरी संगठनलाई राजनीतिक प्रयोगशाला बन्न नदिन नेतृत्वले साहस देखाउनुका साथै सरुवा, बढुवा र नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउनुपर्छ।

प्रहरी संगठन कुनै सामान्य सरकारी निकाय होइन । यो राज्यको शान्ति सुरक्षा, कानुनी शासन, नागरिकको जीवन रक्षादेखि राष्ट्रिय स्थायित्वसम्म प्रत्यक्ष सरोकार राख्ने अत्यन्त संवेदनशील र महत्वपूर्ण सुरक्षा निकाय हो । राज्यप्रति नागरिकको विश्वास कायम राख्ने, कानुनको निष्पक्ष कार्यान्वयन गर्ने र राष्ट्रको आन्तरिक सुरक्षालाई मजबुत बनाउने प्रमुख जिम्मेवारी नेपाल प्रहरीकै काँधमा रहने गरेको छ ।

कुनै समय राजसंस्थाको अत्यन्त विश्वासिलो र अनुशासित सुरक्षा संगठनका रुपमा परिचित नेपाल प्रहरी आज नेपाली राजनीतिको स्वार्थ, शक्ति संघर्ष र हस्तक्षेपको चेपुवामा परेको अनुभूति हुनु निकै नै दु:खद छ ।

दैनन्दिनका कार्यव्यवहार र नागरिकसँगको प्रत्यक्ष सम्बन्धमा नेपाली सेना भन्दा अर्थपूर्ण र महत्त्वपूर्ण मानिएको नेपाल प्रहरी हरेक पटक नयाँ सरकार बने पश्चात सार्वजनिक चर्चाको विषय बन्छ ।

राज्यको सुरक्षा संरचनामा महत्त्वपूर्ण स्थान राख्ने र आफ्नो व्यावसायिक दक्षता, अनुशासन तथा कार्यक्षमताका कारण उच्च सम्मान प्राप्त गरेको नेपाल प्रहरी राजनीतिक लाभका लागि सरकारले बजारीकरण गरेको देख्दा वर्तमान अवस्थामाथि गम्भीर समीक्षा गर्नुपर्ने समय आएको अनुभूति भएको छ ।

प्रहरी संगठनको वास्तविक शक्ति उसका हतियार, पोसाक, दर्जा वा अधिकारमा मात्र सीमित हुँदैन । यसको वास्तविक शक्ति संस्थागत अनुशासन, निष्पक्षता, व्यावसायिक क्षमता, नैतिक साहस र राष्ट्रप्रतिको अदुट प्रतिबद्धता हो । तर आज संगठनभित्र राजनीतिक पहुँच, व्यक्तिगत स्वार्थ, पद र प्रतिष्ठाको मोह तथा शक्ति केन्द्रसँगको निकटतालाई योग्यताको मापदण्ड बनाउने प्रवृत्ति मौलाउँदै गएको हो कि भन्ने गम्भीर प्रश्न उठिरहेको छ ।

जब कुनै संगठनभित्र व्यक्तिगत लाभ र राजनीतिक संरक्षणको अपेक्षा संस्थागत मर्यादाभन्दा माथि पुग्न थाल्छ, तब त्यस संगठनको जग कमजोर हुँदै जान्छ ।

बाहिरबाट हेर्दा संगठन उस्तै देखिए पनि भित्रभित्रै धमिराले काठ खोक्रो बनाएझैँ संस्थागत मूल्य, मान्यता र व्यावसायिक चरित्र कमजोर बन्न थाल्छ ।

प्रहरी संगठनभित्र पनि यस्ता प्रवृत्तिले स्थान पाएको हो भने त्यसको असर कुनै एक अधिकारी वा पदमा मात्र सीमित रहँदैन, सम्पूर्ण प्रहरी संयन्त्रको विश्वसनीयतामाथि पर्छ ।

झन् प्रहरी संगठनको नेतृत्व तहमा रहेका उच्च अधिकारीहरु नै व्यक्तिगत स्वार्थ, पदको सुरक्षा वा राजनीतिक लाभका लागि संगठनको संस्थागत गरिमालाई जोखिममा पार्ने व्यवहारमा संलग्न भएको देखिनु अत्यन्त चिन्ताजनक विषय हो । नेतृत्व भनेको पद धारण गर्नु मात्र होइन ।

कठिन परिस्थितिमा संगठनको स्वाभिमान जोगाउने, गलत दबाबको प्रतिरोध गर्ने र आफ्नो व्यक्तिगत भविष्यभन्दा संस्थाको भविष्यलाई प्राथमिकता दिने नैतिक क्षमता पनि हो ।

प्रहरी नेतृत्व राजनीतिक शक्तिको इसारामा चल्ने संस्था होइन र त्यस्तो बनाइनु पनि हुँदैन । उ सांविधान, प्रचलित कानुन र संस्थागत मर्यादाप्रति जबाफदेही हुनुपर्छ । सरकार परिवर्तन हुँदैमा प्रहरीको व्यावसायिक चरित्र, प्राथमिकता र कार्यसम्पादनको आधार परिवर्तन हुनु हुँदैन । प्रहरीको निष्ठा कुनै दल, नेता वा सत्ताको केन्द्रप्रति होइन, सांविधान, कानुन र सम्पूर्ण राष्ट्रप्रति हुनुपर्छ ।

अर्को महत्वपूर्ण प्रश्न प्रहरी संगठनले आफ्नो जनशक्तिलाई राष्ट्र, राष्ट्रियता, सांवैधानिक मूल्य, नागरिक अधिकार र व्यावसायिक नैतिकताका विषयमा कस्तो प्रशिक्षण दिइरहेको छ भन्ने पनि हो । प्रहरीलाई तालिम दिनु भनेको शारीरिक अभ्यास, हतियार सञ्चालन र आदेश पालना गर्न सिकाउनु मात्र होइन ।

त्योभन्दा महत्त्वपूर्ण कुरा कानुनभन्दा माथि कोही हुँदैन भन्ने चेतना, नागरिकको अधिकारप्रतिको सम्मान, राष्ट्रिय स्वाभिमानको रक्षा र कुनै पनि राजनीतिक वा व्यक्तिगत दबाबमा नझुक्ने व्यावसायिक चरित्र निर्माण गर्नु हो ।

आज प्रहरी संगठनको अवस्था हेर्दा राष्ट्र र राष्ट्रियताको सवालमा संगठनको आन्तरिक प्रशिक्षण, नैतिक अनुशासन र संस्थागत चेतनालाई पर्याप्त प्राथमिकता दिइएको छ कि छैन भन्ने प्रश्न स्वाभाविक रुपमा उठ्छ ।

यदि प्रहरी कर्मचारीलाई आफ्नो पद र जिम्मेवारीभन्दा माथि राजनीतिक पहुँचलाई महत्त्व दिन सिकाइन्छ भने त्यो प्रशिक्षणको मात्र होइन, सम्पूर्ण नेतृत्व प्रणालीको असफलता हो ।

प्रहरी संगठनभित्र देखिएका कमजोरीहरुको निरुपण सम्पूर्ण सङ्गठनलाई दोषारोपण गरेर सम्भव छैन । इमानदार, कर्तव्यनिष्ठ र जोखिम मोलेर नागरिकको सुरक्षा गरिरहेका हजारौँ प्रहरी कर्मचारीको योगदानलाई पनि बिर्सन मिल्दैन ।

बरू उनीहरुको मनोबल जोगाउन, योग्यताको सम्मान गर्न र राजनीतिक पहुँचभन्दा व्यावसायिक क्षमतालाई प्राथमिकता दिन आवश्यक छ ।

यसका लागि प्रहरी संगठनमा सरूवा, बढुवा र नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउनु, राजनीतिक हस्तक्षेपलाई संस्थागत रुपमा निरूत्साहित गर्नु, उच्च अधिकारीहरुको निर्णय र कार्यसम्पादनको निष्पक्ष मूल्याङ्कन गर्नु तथा संगठनभित्रको जवाफदेहिता बलियो बनाउनु अपरिहार्य छ । गल्ती गर्ने जोसुकै भएपनि कानुन र संस्थागत प्रक्रियाअनुसार छानबिन तथा कारबाही हुनुपर्छ ।

नेपाल प्रहरी राष्ट्र र नागरिकको सुरक्षाका लागि स्थापित संगठन हो वा राजनीतिक शक्ति केन्द्रहरुको स्वार्थ व्यवस्थापन गर्ने माध्यम बन्दै गएको हो ? यो प्रश्न कुनै व्यक्ति वा सरकारविरूद्धको आरोप मात्र होइन । राज्यको एउटा महत्त्वपूर्ण सुरक्षा संस्थाको भविष्यसँग जोडिएको प्रश्न हो ।

नेपाल प्रहरीको गरिमा कुनै राजनीतिक दलको कृपा वा कुनै उच्च अधिकारीको व्यक्तिगत प्रतिष्ठाले निर्माण भएको होइन । यो दशकौँदेखि आफ्नो ज्यान जोखिममा राखेर देश र नागरिकको सेवामा खटिएका प्रहरी कर्मचारीहरुको त्याग, समर्पण र व्यावसायिक निष्ठाले निर्माण गरेको हो ।

त्यसैले प्रहरी सङ्गठनलाई राजनीतिक स्वार्थको प्रयोगशाला बन्न दिनु हुँदैन । नेतृत्वले आफ्नो पद जोगाउनेभन्दा संगठनको प्रतिष्ठा जोगाउने साहस देखाउनुपर्छ ।

प्रहरीको वर्दी कुनै राजनीतिक शक्तिको प्रभाव प्रदर्शन गर्ने पहिचान होइन, यो राज्यप्रतिको जिम्मेवारी, कानुनप्रतिको निष्ठा र राष्ट्रसेवाको प्रतीक हो ।

हेक्का रहोस्, प्रहरी संगठन कमजोर हुनु भनेको केवल एउटा सुरक्षा निकाय कमजोर हुनु होइन । राज्यको कानुनी शासन, नागरिकको सुरक्षा र लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वास र राज्यको थप अर्को महत्त्वपूर्ण संस्था कमजोर हुनु हो ।

त्यसैले राष्ट्रलाई बलियो बनाउन प्रहरी संगठन बलियो हुनुपर्छ । उसको मनोबल उच्च हुनुपर्छ । उसको अनुसन्धान पद्धति निष्पक्ष र सधैँ सांविधानप्रति जिम्मेवार हुनुपर्छ ।

गौरवमय ऐतिहासिक विरासत बोकेको नेपाल प्रहरी पूर्ण व्यावसायिक भएर मात्र पुग्दैन, उ व्यावसायिक संस्था हो भन्ने जनता आश्वस्त पनि हुनुपर्छ ।

त्यसैले प्रहरी संगठन बलियो, निष्पक्ष, अनुशासित र राजनीतिक हस्तक्षेपबाट मुक्त हुनुपर्छ । राष्ट्रभन्दा माथि कुनै व्यक्ति, दल वा पद हुन सक्दैन ।

पूर्व सञ्चारकर्मी केसीको लेख हामीले रातोपाटीबाट लिएका हौं ।

सहीखबर

सहीवार्ता
www.saheekhabar.com

२०८३ कात्तिक १९ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

यमपञ्चक अगावै झलमल्ल घर शहर



मकवानपुर । हिन्दु नेपालीहरुले मुख्य पर्वको रुपमा मनाउँदै आएको यमपञ्चक सुरु हुन अझै ३ दिन बाँकी छ । तर घर र शहरहरु झलमल्ल भैसकेका छन् ।

यसो त यमपञ्चक सुरु हुनुभन्दा साता अगाडि नै विद्युतीय झिलिमिली बत्तिले शहरी बस्ति झलमल्ल बने । व्यक्तिका घरहरु पनि श्रृगारिएका छन् । शहर उन्मुख बजारमा पनि झिलिमिली बत्तिको उत्तिकै प्रभाव छ ।

घर घरमा लक्ष्मी पूजाको तयारी चल्दैछ । तर तिहारमा जुन रौनकता विगतमा देखिन्थ्यो त्यो विस्तारै हराउँदै गएको छ । तर गाँउघरको पर्वको मौलिकता पनि हराउँदो छ ।

पछिल्लो समय आधुनिक सामग्रीको प्रयोगले घर सफा र आकर्षक बनाउन सहज भए पनि परम्परागत कमेरो लगाउने चलनसँग जोडिएको मौलिकता भने लोप हुँदै गएको छ । नयाँ पुस्ताले लिपपोत र कमेरो लगाउने घर निर्माणको अभ्याससँगै पुरानो शैलीको यस्ता परम्परागत चलन तथा अनुभव समेत ओझेलमा पर्दै गएको हेटौंडा उपमहानगरपालिका १८ फुर्केचौरका ज्वाला पराजुली बताउँहुन्छ ।

अहिले घरहरु सिमेन्ट जडित हुने तथा बजारमा सहजै पाइने चुन तथा अन्य रङ प्रयोग गर्न थालिएपछि माटो खोज्नुपर्ने झन्झटै हटेको उहाँ पराजुली बताउँछन् । गाउँघरमा भएका माटो जडित घरहरुमा समेत बजारिया रङ नै प्रयोग गर्ने गरेकोले समेत माटोको प्रयोग कथा जस्तै बनेको छ ।

माटोको घरघर सितल हुन्थे, वातानुकुलित हुन्थे, अहिले कङ्क्रिटको निर्माणले तापक्रम समेत बढाएको छ । मकवानपुर भिमफेदी गाउँपालिका नामटारका इन्द्र बर्तौला भन्नुहुन्छ “सजिलोको लागि बनेका आवासहरुले विस्तारै मौलिकता पनि गुमाउँदै छन् ।”

समयसँगै घर निर्माणको शैली, मानिसको जीवनशैली र बजारमा उपलब्ध सामग्रीमा आएको परिवर्तनले पनि परम्परागत लिपपोत गर्ने अभ्यास हराउँदै गएको उहाँ बताउनुहुन्छ ।

कमेरो लगाउने चलन केवल घर सजाउने माध्यममात्र नभई गाउँघरको संस्कृति, सामुदायिक एकता, सहकार्य, श्रम र पारिवारिक उत्साहसँग पनि जोडिएको परम्परा थियो । अब पहिले जस्तो एकअर्काको सुखदुखमा साथ दिनेहरु समेत कमै भेटिन्छन् हेटौंडा १८ सुकौराकी समित्रा पुडासैनी भन्नुहुन्छ “सामाजिक सञ्जालले वास्ताविका छिमेकी/समाज, परिवारभित्रै समेत आपसी चासो कम गरेको छ।”

हराउँदै परम्परागत पिङहरू

पर्वहरुको आफ्नै मौलिक, सांस्कृतिक छ, यसको आफ्नै सामाजिक महत्व छ। दशैँ भन्नेबित्तिकै गाउँघरमा हालिने लिङ्गे पिङ र रोटे पिङको सम्झना सबैभन्दा पहिले आउँछ। तर पछिल्लो समय यो पनि हराउँदै छन् ।

प्रविधि, व्यस्त जीवन शैली र शहरीया रहनसहनले सामाजिक जीवनशैलीमा आएको परिवर्तनसँगै लिङ्गे पिङहरु पनि हराउँदै छन् । गाउँघरमा सबै मिलेर बाबियो खोज्ने, लठ्ठा बाट्ने र बाँस खोज्ने पिङ हाल्ने फुर्सद अब छैन । पर्यटकीय स्थलहरुमा व्यवसायीक दृष्टिकोणमा सिमित छन् अहिले पिङहरु । गाउँघरमा पीङ देख्नै मुस्किल छ अचेल ।

बर्तौला भन्नुहुन्छ “रोटे पिङको झन् इतिहास नै खोज्न पर्ने भैसक्यो ।” डोरी र काठका ठूला खाम्बाहरू प्रयोग गरेर घुमाउने तरिकाले बनाइने रोटे पिङ निर्माण गर्न निकै सीप, धेरै मानिसहरूको श्रम तथा ठुलै खर्च आवश्यक हुन्छ । काठको अभाव, निर्माण गर्ने पुराना कालीगडहरूको कमी र आधुनिक मनोरञ्जनका साधनका कारण यो लगभग पूर्ण रूपमा लोप भइसकेको छ। लिङ्गे पिङ बाँसका चारवटा अग्ला लिङगा गाडेर बाबियो वा सनपाटको लठ्ठा (डोरी) बाटेर लिङ्गे पिङ हालिन्छ। दशैँ तिहारमा “एकपटक भए पनि भुइँ छाड्नुपर्छ, मरेपछि स्वर्ग पुगिन्छ भन्दै पिङ खेलिथ्यो” सुमित्रा भन्नुहुन्छ । अब त्यो जनविश्वास पनि रहेन । तर पछिल्लो समय बाँस र बाबियोको डोरीको सट्टा सुतली, प्लाष्टिक वा नायलोनको डोरी प्रयोग हुन थालेको छ ।


मौलिकतासँगै के हराए

दशैंमा माटोले घर लिपपोतमा गरिने कला र पिङ मात्रै हराएका छैनन् । यो सँग जोडिएका कला र परम्परा पनि हराउँदो छन् । प्रकृतिसँगको निकटता हराउँदो छ । ग्रामिण हस्तकलाहरु लोक हुँदैछन् ।

पिङमा प्रयोग हुने बाँस, बाबियो, डोरी र काठ सबै प्रकृतिका उपज हुन् । पिङमा मच्चिनुलाई धर्ती र आकाशबीचको सन्तुलन तथा प्रकृतिप्रतिको आभार व्यक्त गर्ने तरिका मानिने सस्कृतविद रामचन्द्र आचार्य फुर्सदी बताउनुहुन्छ।

९ बजेभन्दा पछाडि देउसी नखेल्न प्रशासनको आग्रह





जिल्ला प्रशासन कार्यालय
मकवानपुर

विज्ञप्ति

मकवानपुर। जिल्ला प्रशासन कार्यालय, मकवानपुरले तिहारको अवसरमा खेलिने देउसी भैलिको लागि समय राति ९ बजेसम्म निर्धारण गरेको छ ।

‘देउसी तथा भैलोलगायतका सांस्कृतिक मनोरञ्जनात्मक कार्यक्रमहरू राति ९:०० बजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ’ जिल्ला प्रशासन कार्यालयको बिज्ञाप्तिमा उल्लेख छ ।

प्रशासनले पटका तथा विष्फोटक पदार्थमा रोक लगाएको उल्लेख गर्दै यसप्रति सचेत हुन आग्रह गरेको छ । प्रशासनले तिहार र छठ पर्वमा पटका, भुइँचम्पा, आतिसबाजीजस्ता प्रज्ज्वलनशील पदार्थहरूको भण्डारण, बिक्रीवितरण, ओसारपसार तथा प्रयोग गर्न पूर्ण रूपमा निषेध गरेको छ।

नेपाल संवत् ११४७ र छठ पर्वलाई मध्यनजर गर्दै शान्ति सुरक्षा र अमनचयन कायम राख्न विभिन्न निर्देशन जारी गरेको छ। चाडपर्वको समयमा हुन सक्ने सम्भावित अवाञ्छित गतिविधिहरूलाई रोक्न प्रशासनले कडाइ गरेको हो।

सहायक प्रमुख जिल्ला अधिकारी शेषकान्त पौडेलद्वारा जारी गरिएको विज्ञप्तिमा चाडपर्वलाई मर्यादित रूपमा मनाउन नियमहरूको पूर्ण पालना गर्न जिल्लावासीलाई आग्रह गरिएको छ।

सट्टेबाजी, जुवा, तास, लङ्गुर बुर्जा खेल्न-खेलाउने तथा सार्वजनिक स्थलमा मादक पदार्थ सेवन गरी होहल्ला वा झैझगडा गर्नेजस्ता क्रियाकलापहरू नगर्न कडाइ गरेको छ। प्रशासनले प्लाष्टिकका फूलगुच्छा आयातमा रोक लगाएको छ ।

नेपाल सरकार राजपत्रको २०७९ साउन ११ को सूचनाअनुसार नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, बिक्रीवितरण वा भण्डारण गर्न पूर्ण रोक लगाइएको प्रजिअ वसन्त अधिकारीले बताउनुभयो।

प्रशानले मूल्य वृद्धि र कालोबजारी नियन्त्रण गर्न प्रशासनको निगरानी बढाएको बताएको छ। “बजारमा अखाद्य एवं म्याद गुज्रेका वस्तुहरूको बिक्रीवितरण, मूल्य वृद्धि र कृत्रिम अभाव सिर्जना गर्ने उपभोक्ता हितविपरीतका गतिविधिहरू गर्न पाइने छैन” बिज्ञप्तिमा भनिएको छ।

चाडपर्व यातायातमा सहजताको लागि खबरदारी गरेको छ। सवारी साधनहरूमा क्षमताभन्दा बढी यात्रु नराख्न, तोकिएकोभन्दा बढी भाडा नलिन र जोखिमपूर्ण यात्रा नगर्न प्रशासनले अनुरोध गरेको छ । रुप्रशासनले जारी गरेको निर्देशन विपरीतका गतिविधि गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनीसमेत दिइएको छ।

शान्ति सुव्यवस्थामा प्रतिकूल असर पार्ने कुनै पनि गतिविधि देखेमा नजिकैको प्रहरी इकाई

लिङ्गे वा रोटे पिङ एक्लै बनाउन संभव हुदैन। बाबियो काट्ने, डोरी बाट्ने, बाँस काट्ने र ठड्याउने कार्यमा सिङ्गो चौतारी वा गाउँका मानिसहरू जुट्थे। यसले नेपाली समाजको श्रमदान र अर्मपर्म सामुहिकताको संस्कृतिलाई बलियो बनाउँथ्यो। यो परम्पारा पनि हराउँदो छ ।

दशैँ, तिहारमा घर फर्किएका परदेशी, गाउँले र आफन्तहरू पिङ खेल्ने बहानामा एकै ठाउँमा भेला हुन्थे। यसले मनमुटाव बिर्साएर सामाजिक एकता र सद्भाव अभिवृद्धि गर्थ्यो, त्यो पनि हराउँदो छ ।

काठका ठूला चक्रहरूलाई काठकै किला र चुकुलका भरमा अड्याएर घुमाउने रोटे पिङ र चारवटा बाँसको सन्तुलन मिलाएर उभ्याइने लिङ्गे पिङ नेपाली पुर्खाको मौलिक प्रविधिका उत्कृष्ट नमुना हुन्। अब गुमाउँदै छ गाउँले ।

वातावरणमैत्री सामग्री (बाँस, काठ, बाबियो) को प्रयोगले हाम्रो प्राचीन जीवनशैली प्रकृतिको प्रतिकूल नभई अनुकूल थियो भन्ने प्रमाण दिन्छ। “दशैँ तथा तिहारको पिङ र लिपपोत परम्पारा लोप हुनु भनेको माटो, काठ वा बाँसको ढाँचा हराउनु मात्र होइन, यससँगै जोडिएको रैथाने सीप, सामूहिक श्रमको भावना, सामाजिक एकता र मौलिक पहिचान हराउँदै जानु हो” आचार्य भन्छन् ।

देउसी भैलोको लागि समय सिमा

चाडपर्वको समय हुनसक्ने आपाराधिक घटनाहरुलाई मध्ये जनर गर्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले रातको समयमा ढीलोसम्म देउसी भैलो खोल्न रोक लगाएको छ ।

रातको समयमा शान्ति सुरक्षामा प्रतिकुल असर नहोस् भनेर राती ९ बजेभन्दापछि देउसी भैलो खेल्न मनाही गरिएको प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले बताउनु भयो । संस्थागत रुपमा र दिउँसोको समयत अग्रीम पत्रचार गरेर आयोजना गरिने देउसी भैलो कार्यक्रमलाई भने प्रशासनले रोक लगाएको छैन ।

मकवानपुर प्रहरी प्रशासनले चाडपर्व सुरक्षा योजना अन्तरगत सवारी जाँचलाई कडाइ गरेको छ । लागु औषध ओसारपसार तथा प्रतिबन्धित पटाकाहरुमाथि निगरानी बढाएको प्रशासनले बताएको छ ।

सहीखबर

समाचार

२०८३ कात्तिक १९ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

बागमतीको *डिजिटल आयोजना ट्र्याकिङमा* अनेक उल्झन

○ सहीखबर संवाददाता

हेटौँडा । बागमती प्रदेश सरकारले बजेट वक्तव्यमार्फत प्राथमिकताका साथ घोषणा गरेको विकास आयोजनाहरुको 'रियल टाइम डिजिटल ट्र्याकिङ' प्रणाली प्राविधिक जटिलता, जनशक्ति र नीतिगत स्पष्टताको अभावका कारण प्रभावित भएको छ ।

प्रणालीको आधाभन्दा बढी प्राविधिक काम सकिए पनि संघीय सरकारका सफ्टवेयरहरुसँग अन्तरआबद्धता (इन्टरफेस) नहुँदा प्रभावित भएको हो ।

आईटी क्षेत्रका सिस्टमहरु बारे प्रदेशमा स्पष्ट कानुनी जग नबन्दा प्रणाली पूर्ण सञ्चालनमा आउन ढिलाइ भएको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बागमती प्रदेशका प्रवक्ता असिम लामाका अनुसार प्रणाली निर्माणको काम आन्तरिक स्रोत र जनशक्तिबाटै अघि बढाइए पनि संघीय प्रणालीसँगको समन्वय र नीतिगत आधार तय गर्न केही समय लागेको हो ।

प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा प्रदेशभित्र सञ्चालित आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति नागरिक र सरोकारवालाले तत्कालै हेर्न सक्ने गरी 'रियल टाइम' ट्र्याकिङ गर्ने घोषणा गरिएको थियो । तर, प्रदेशका आयोजनाहरुको बजेट तथा कार्यक्रम प्रविष्टि हुने प्रणाली र भुक्तानी हुने लेखा प्रणाली संघीय सर कारको नियन्त्रणमा रहेकाले समस्या भएको हो ।

यद्यपि, आगामी मंसिर पुसभित्र सबै नीतिगत र प्राविधिक उल्झन सुल्झाएर प्रणालीलाई कार्यान्वयनको चरणमा पुऱ्याउने तयारी भइरहेको उनले बताए ।

'हामीले प्रदेशमा विकास गरेको प्रणाली र संघीय सरकारको प्रणालीबीच डाटा आदानप्रदान गराउन 'वेब सर्भिस' चाहिन्छ ।' लामाले भने, 'संघीय भुक्तानी प्रणालीबाट कुनै योजनाको रकम भुक्तानी हुनेबित्तिकै स्वत: हाम्रो प्रणालीमा अपडेट भयो भने मात्रै त्यो 'रियल टाइम' देखिन्छ । नत्र विकासे अड्डाहरुले म्यानुअल्ली विवरण प्रविष्टि



गर्नुपर्ने हुन्छ । उक्त कार्य गर्ने विषयमा हालसम्म कुनै काम हुन सकेको छैन ।'

म्यानुअल इन्ट्री गर्दा कर्मचारीहरुको उदासीनता, ढिलासुस्ती र मानवीय तजबिज हाबी हुने जोखिम रहने उनको भनाई छ । यसले गर्दा कागजमा काम सकिए पनि अनलाइन प्रणालीमा प्रगति अद्यावधिक नहुने समस्या आउने उनले बताए । संघीय सरकारका पुराना (लिगेसी) सफ्टवेयर हरु निजी कम्पनीहरुले निर्माण गरेका कारण पनि सरकारी तवरबाट सीधै 'वेब सर्भिस' लिन प्रक्रियागत झन्झट भइरहेको उनले बताए ।

प्रवक्ता लामाका अनुसार सूचना प्रविधि प्रणालीको दिगो सञ्चालनका लागि प्रदेशमा जनशक्तिको चरम अभाव छ । प्रदेशको प्रशासनिक संरचनामा सूचना प्रविधि जनशक्तिको हिस्सा १ प्रतिशत पनि नरहेको उनले बताए ।

हाल मुख्यमन्त्री कार्यालयको शासकीय सुधार महाशाखाअन्तर्गत सूचना प्रविधि शाखामा एक जना इन्जिनियर र एक जना कम्प्युटर अपरेटर मात्र स्थायी दरबन्दीमा छन् । हाल इन्टर्नसिपमा रहेका २/३ जना विद्यार्थी र प्राविधिक कर्मचारीसहित सानो टोलीले प्रणाली निर्माणको काम गरिरहेको उनले बताए ।

'हाम्रो ब्युरोक्रेसीले सूचना प्रविधिलाई अझै पनि विविध सेवामा सीमित राखेको छ । कम्प्युटर अपरेटर वा सामान्य कम्प्युटर इन्जिनियरको भरमा मात्र डिजिटल रूपान्तरण सम्भव छैन । अहिलेको आवश्यकता सफ्टवेयर डेभलपर, साइबर सुरक्षा विज्ञ, एआई इन्जिनियर र सर्भर इन्जिनियर जस्ता विशिष्टीकृत प्राविधिकहरुको हो । लोकसेवा आयोगमार्फत सेवा समूहको पुन: संरचना (क्लस्टरिङ) नभएसम्म दक्ष जनशक्तिको समस्या कायमै रहन्छ,' उनले भने ।

उक्त प्रणाली संचालनका लागि शासकीय सुधार महाशाखाले नीतिगत स्पष्टता खोजेको उनले बताए । विगतमा पनि प्रणालीहरु निर्माण भए पनि राजनीतिक नेतृत्व फेरिँदा अलपत्र परेको अवस्था नदोहोऱ्याउन नीतिगत रूपमा स्पष्ट भएर अघि बढ्ने तयारी भइरहेको उनको भनाई छ । प्रवक्ता लामाका अनुसार कुनै पनि डिजिटल परियोजनालाई दिगो बनाउन नीतिगत र कानुनी आधार अनिवार्य हुने बताए ।

'तत्कालीन मुख्यमन्त्री बहादुरसिंह लामाको पालामा विद्युतीय रूपान्तरण सम्बन्धी कार्ययोजनाको खाका बनेको थियो । त्यसपछि मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको समयमा हेलो सीएम र आयोजना ट्र्याकिङ जस्ता परियोजनाहरु अगाडि बढे ।

तर, कानुनी जग नहुँदा एउटा मुख्यमन्त्रीले सुरू गरेको योजना अर्को मुख्यमन्त्री आउँदा निर न्तर रहन्छ नै भन्ने ग्यारेन्टी देखिएन । त्यसैले फ्याट्ट प्रणाली बनाएर उद्घाटन गरिहाल्नुभन्दा यसलाई ऐन वा क्याबिनेटबाट नीतिगत रूपमै पारित गर एर क्रमागत (बहुवर्षीय) योजनामा लैजाने गरी छलफल भइरहेको छ ।' प्रवक्ता लामाले भने ।हाल प्रदेश नीति तथा योजना आयोग पूर्ण भइसकेको र आयोगका सदस्यहरु तथा थिंक ट्यांकसँग यसलाई नीतिगत ढाँचामा ढाल्ने विषयमा छलफल भइरहेको उनले बताए । यस नीतिले आगामी १० वर्षको डिजिटल रणनीति, विश्वविद्यालय तथा निजी क्षेत्रसँगको सहकार्य र आवश्यक जनशक्तिको खाका तय गर्ने उनले बताए ।

प्रवक्ता लामाका अनुसार प्रणाली निर्माणका लागि बजेट अभाव मुख्य समस्या होइन । पछिल्लो समय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) का उपकरणहरुको प्रयोगले गर्दा सफ्टवेयर विकास निकै छिटो र कम खर्चिलो भएको उनको भनाई छ । प्रदेशको पछिल्लो हेलो सीएम प्रणाली एक जना इन्जिनियरले एआईको सहायतामा तीन दिनमै तयार पारेकाले आयोजना आयोजना ट्र्याकिङ सिस्टमको काम पनि अन्तिम चरणमा रहेको उनले बताए ।

बागमतीले इन हाउस (आन्तरिक) क्षमता विस्तारमा जोड दिएर आइटि शाखालाई प्राथमिकताका साथ अघि बढाउने गरी तयार गरि रहेको उनले बताए । मुख्यमन्त्री कार्यालयले हाल नीतिगत मस्यौदा निर्माण र प्राविधिक विकासलाई समानान्तर रूपमा अघि बढाइरहेको उनले बताए ।

'विगतमा सफ्टवेयर निर्माण सबै ठेक्का लगाउने प्रचलन थियो । ठेक्का लगाउनु समाधान होइन । त्यो जोसुकैले गर्न सक्छ । हामीले आफैं विकास गर्नुपर्छ । हेटौंडास्थित नेपाल सरकारको डाटा सेन्टरमा सर्भर खरिद तथा पूर्वाधार व्यवस्थापनका लागि मुख्यमन्त्री नवप्रवर्तन कोषको कार्यविधि अन्तिम चरणमा रहेकाले बजेटको समस्या हुँदैन,' उनको तर्क छ ।'

हतारिएर अपरिपक्व काम गर्नुभन्दा ढिलै भए पनि दिगो प्रणाली स्थापित गर्न चाहने उनको भनाइ थियो । मंसिरसरदेखि पुसभित्र नीतिगत निर्देशिका तयार पार्ने, प्रदेश योजना आयोगमार्फत स्वामित्व लिने, मन्त्रिपरिषद्बाट अनुमोदन गराउने र प्राविधिक इन्टरफेस मिलाएर प्रणालीलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउने गरी काम भइरहेको बताइएको छ ।



ज्ञानको उज्यालो फैलाउँदै पर्व मनाऔँ

तिहार उज्यालोको पर्व हो । यसले अन्धकारबाट उज्यालोतर्फ, निराशाबाट आशातर्फ र असत्यबाट सत्यकर्मतर्फ अघि बढ्न प्रेरित गर्दछ । नेपाल संवत्ले हाम्रो मौलिक पहिचान, ऐतिहासिक गौरव र सांस्कृतिक स्वाभिमानको स्मरण गराउँछ भने छठ पर्वले प्रकृति, सूर्य र जलप्रतिको आस्था, सम्मान तथा संरक्षणको महत्व उजागर गर्दछ । यी पर्वहरू धार्मिक आस्था र सांस्कृतिक उत्सवका अवसर मात्र नभई प्रेम, सद्भाव, सहिष्णुता, पारिवारिक एकता र सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने जीवनोपयोगी पाठशाला पनि हुन् ।

शिक्षा केवल पाठ्यपुस्तकको ज्ञान र परीक्षामा प्राप्त अंकमा सीमित हुँदैन । असल संस्कार, नैतिकता, अनुशासन, मानवीय संवेदना र सामाजिक जिम्मेवारीसहितको व्यक्तित्व निर्माण नै शिक्षाको वास्तविक उद्देश्य हो । यही मर्मलाई आत्मसात् गर्दै हाम्रा बालबालिकालाई पर्वको वास्तविक महत्व बुझाऔँ । संस्कृति र परम्पराको संरक्षणसँगै वैज्ञानिक सोच, सकारात्मक चिन्तन र सभ्य व्यवहारको विकासमा प्रेरित गरौँ ।

पर्व मनाउने नाममा पटाका तथा विस्फोटक पदार्थको प्रयोग, जुवातास, मादक पदार्थको सेवन र अनावश्यक तडकभडकलाई निरुत्साहित गरौँ । वातावरण स्वच्छ राखौँ, खाद्यान्नको अपव्यय नगरौँ, ज्येष्ठ नागरिक, असहाय तथा विपन्न समुदायसँग खुसी साटौँ र सडक सुरक्षालाई प्राथमिकता दिऔँ ।

नेपालीहरूको मौलिक संस्कृति, परम्परा र सामाजिक सद्भावका प्रतीक तिहार, नेपाल संवत् तथा छठ पर्वको पावन अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, पूर्वविद्यार्थी, शुभचिन्तक एवं देश-विदेशमा र हनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

प्रिन्सिपल: ईश्वर लामिछाने एवम्

जी एस निकेतन इङ्लिस बोर्डिङ स्कुल

परिवार, हेटौँडा-५, मकवानपुर



धर्म,संस्कृति र परम्पराको सम्मान गर्दै पर्व मनाऔँ

- चाडपर्व मनाउँदा अनावश्यक तडक भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।
- सामाजिक सद्भाव र सहिष्णुता कायम गरौ ।

नेपालीहरुको मौलिक संस्कृति, परम्परा र सामाजिक सद्भावका प्रतिक, तिहार, नेपाल संवत् तथा छठ पर्वको पावन अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, पूर्वविद्यार्थी, शुभचिन्तक एवं देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रध्यानाध्यापक: टीका प्रसाद दाहाल एवम्

सिद्धार्थ माध्यमिक विद्यालय परिवार

भाइटीका कि तिहार टीका ?



विद्यार्थीको कुरा

समृद्धि बस्ताकोटी, कक्षा १०

तिहार नजिकिँदै छ, घरहरु सफा हुँदैछन्, बजारमा सप्तरङ्गी टीका र मखमली फूल देखिन थालेका छन्। सबैको मनमा चाडपर्वको रमाइलो छ। तर तिहारसँगै मेरी आमालाई एउटा पुरानो प्रश्न फेरि पनि दोहोरिनेछ । तिहारमा टीका लगाउनकै लागि भए पनि एउटा भाइ चाहिँ चाहियो नि, एउटा छोरो पाइदेऊ न।

मेरी आमाले विगतका वर्षहरुमा जस्तै यसपालि पनि यस्ता कुरा सुन्नुपर्नेछ। उहाँको मनमा कति कुरा खेल्छन्, त्यो त उहाँलाई नै थाहा होला। तर बाहिर भने मुस्कुराउँदै भन्नुहुन्छ, 'हुन्छ नि, भोलि बिहानै पाइदिन्छु।' अनि खिस्स हाँस्दै आफ्नो बाटो लाग्नुहुन्छ। सायद उहाँ यस्ता प्रश्नको जवाफ दिँदादिँदै थाकिसक्नुभएको छ।

हाम्रो घरको अलि फरक तिहार

हामी दुई दिदीबहिनी छौं, मेरी बहिनी अहिले ११ वर्षकी भइन्। उनी जन्मिएदेखि नै हामीले हरेक वर्ष एक अर्कालाई टीका लगाउँदै आएका छौं। हाम्रो घरमा भाइटीका आउँदा हामी दुवै जना एक अर्कालाई टीका लगाउन आतुर हुन्छौं।

म बहिनीको निधारमा टीका लगाउँदा उसको राम्रो स्वास्थ्य, खुसी र लामो आयुको कामना गर्छु। बहिनीले पनि मलाई त्यही माया र शुभेच्छासहित टीका लगाउँछिन् होला भन्ने मलाई लाग्छ। त्यो क्षणमा हामीलाई दाजुभाइको अभाव महसुस हुँदैन। मलाई हाम्रो यो परम्पराप्रति असाध्यै खुसी लाग्छ। अझ हाम्रा अभिभावकले हामीलाई यसरी हुर्काउनु भएकोमा गर्व लाग्छ। त्यसैले मेरो लागि यो भाइटीका मात्र होइन, तिहारको टीका दिदीबहिनी टीका पनि हो, दाजुभाइ टीका पनि हो।

धार्मिक कथाले के भन्छ, हाम्रो मनले के भन्छ ?

भाइटीकासँग यमराज र उनकी बहिनी यमुनाको एउटा प्रचलित धार्मिक कथा जोडिएको छ। जनविश्वासअनुसार यमुनाले आफ्ना दाजु यमराजलाई घरमा बोलाएर टीका लगाइदिइन् र उनको दीर्घायुको कामना गरिन्। बहिनीको प्रेम र सत्कारबाट प्रसन्न भएका यमराजले उनलाई वरदान दिए। यही घटनाको सम्झनामा कार्तिक शुक्ल द्वितीयाका दिन भाइटीका मनाउने परम्परा सुरू भएको मानिन्छ। यो कथाले हामीलाई दाजुभाइ र दिदीबहिनीबिचको प्रेम, सम्मान र शुभेच्छा सिकाउँछ।

तर एउटा सानो प्रश्न, यमुनाले दाजुको लामो आयुको कामना गरिन्, हामीले त्यसबाट एकअर्काको आयुको कामना गर्न किन नसक्ने? दाजुभाइको दीर्घायु चाहनु राम्रो कुरा हो। तर दिदीबहिनीको दीर्घायु चाहनु पनि त उत्तिकै राम्रो होइन र? के खुसी, स्वास्थ्य र लामो जीवनको आवश्यकता दाजुभाइलाई मात्रै हुन्छ?

परम्परा जोगाऔँ, सोच पनि बदलौँ

हाम्रो संस्कृति र परम्परा हाम्रो पहिचान हुन्। तिनलाई जोगाउनु हामी सबैको कर्तव्य हो। तर समयसँगै राम्रा कुराहरु थप्दै जानु पनि त संस्कृतिको संरक्षण नै हो। आज हामीले नयाँ फेसन, नयाँ पहिरन र नयाँ चलनलाई सहजै स्वीकार गरिरहेका छौं। समयअनुसार धेरै कुरा परिवर्तन पनि भएका छन्। त्यसो भए आपसी माया र समानताको सन्देश दिने एउटा सानो परम्परालाई अझ फराकिलो बनाउन किन नसक्ने?

आज धेरै दिदीबहिनीले एकअर्कालाई टीका लगाउन थालेका छन्। दाजुभाइले पनि एकअर्कालाई टीका लगाएर शुभकामना साटासाट गर्न थालेका छन्। यो निकै राम्रो सुरूवात हो। यो कसैको परम्पर लाई हटाउने वा कसैको धार्मिक विश्वास बदल्ने कुरा होइन। जसलाई जसरी टीका लगाउन मन लाग्छ, त्यसरी नै मनाउन पाउनुपर्छ। तर जसको दाजुभाइ छैनन्, उनीहरुले दिदीबहिनीबिच टीका लगाउन किन नपाउने? जसको दिदीबहिनी छैनन्, उनीहरुले दाजुभाइबिच टीका लगाउन किन नपाउने?

हामीले कसैलाई टीका लगाउनबाट रोक्ने होइन, सबैलाई टीका लगाउन सक्ने अवसर दिने हो।

एउटा सानो परिवर्तन, ठुलो खुसी

म चाहन्छु, तिहारको दिन दाजुभाइ नहुने दिदीबहिनीले कसैको घरमा भाइ खोज्दै हिँड्न नपरोस्। दिदीबहिनी नहुने दाजुभाइले पनि आफ्नो सम्बन्ध अधुरो भएको महसुस गर्न नपरोस्।

टीका लगाउनका लागि मात्रै नयाँ सम्बन्ध खोज्नुपर्ने बाध्यता नहोस्। भएका सम्बन्धलाई नै माया र सम्मानले सजाउन सकियोस्। मेरी आमाले हरेक वर्ष 'एउटा भाइ पाइदेऊ' भन्ने प्रश्न सुन्नु नपरोस्। उहाँले जन्माउनु भएका हामी दुई छोरी नै उहाँका लागि पूर्ण सन्तान हौं भन्ने कुरा सबैले बुझुन्।

म र मेरी बहिनीले एकअर्कालाई टीका लगाउन थालेको ११ वर्ष भइसक्यो। हामीले त परिवर्तनको सुरूवात आफ्नै घरबाट गरिसकेका छौं।

अब अरुले पनि आफ्नो घरबाट यस्तै सुन्दर सुरूवात गर्न सकुन् भन्ने चाहना छ। आखिर चाडपर्व भनेको खुसी बाँड्ने दिन हो, कसैलाई केही नभएको महसुस गराउने दिन होइन। कसैको आँखामा आफन्तको अभावले आँसु नआओस्, कसैले आ नो सम्बन्धलाई अरुसँग तुलना गर्न नपरोस्। टीका लगाउने हात फरक हुन सक्छन्, तर ती हातले दिने आशीर्वाद त एउटै हो नि हैन र ?

सहीखबर

समाचार

२०८३ कात्तिक १२ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

नवौं संस्करणको बागमती गोल्डकप मंसिर ८ गतेबाट



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको बागमती गाउँपालिकामा नवौं संस्करणको बागमती गोल्डकप प्रतियोगिता हुने भएको छ।

बागमती गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगिता आगामी मंसिर ८ गतेदेखि सञ्चालन गरिने भएको हो।

मंसिर १७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा देशभरका ६ वटा ए डिभिजन क्लबसहित १० टोलीको सहभागिता रहने बागमती गाउँपालिका खेलकुद विकास समितिले जनाएको छ ।

प्रतियोगिताको विजेताले १० लाख रूपैयाँ र उपविजेताले ५ लाख रूपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

बागमती गाउँपालिका ४ स्थित झुरझुरे खेलमैदानमा हुने प्रतियोगितामा मच्छिन्द्र, चर्च ब्वाइज, नेपाल आर्मी, नेपाल पुलिस र सशस्त्र प्रहरी बललगायत मोफसलका ४ टोलीले समेतको सहभागिता रहने आयोजकले जनाएको छ ।

बागमती गाउँपालिकाले प्रायोजन गरेको प्रतियोगिता नकआउट प्रणालीको आधारमा सञ्चालन हुनेछ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई १ लाख ११ हजार १११ रूपैयाँ प्रदान गरिनेछ भने उत्कृष्ट डिफेन्डर, मिडफिल्डर, फरवार्ड, गोलरक्षक र प्रशिक्षकलाई जनही २५ हजार रूपैयाँ तथा प्रत्येक खेलको म्यान अफ द म्याचलाई १० हजार रूपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिताबारे जानकारी दिँदै गाउँपालिका अध्यक्ष सर्केश घलानले प्रतियोगिता सञ्चालनका लागि करिब ७२ लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको बताए ।

गत बैशाखमा भएको आठौं संस्करणको बागमती गोल्डकपको उपाधी प्रतियोगितामा पहिलो पटक सहभागि भएको चित्लाङ फुटबल क्लब काठमाडौंले जितेको थियो ।

१ लाख ४० हजार बराबरको पटका नष्ट





○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा १ लाख ४० हजार रूपैयाँ बराबरको पटका नष्ट गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल १४ नं. गण हेड क्वाटर मकवानपुरले उक्त पटका बरामद गरि नष्ट गरिएको छ ।

हेटौंडा १५ स्थित पुर्व पश्चिम राजमार्गमा सशस्त्र प्रहरी बल १४ नं. गणबाट सशस्त्र प्रहरी सहायक निरीक्षक बिर बहादुर लामा सहित खटिएको १० जनाको टोलीले बिरगंजबाट हेटौडा आउदै गरेको ईमीलाई जाँच गर्ने क्रममा प्रतिवन्धित आतिसवाजी प्रज्वलनशिल पदार्थ बरामद गरिएको थियो ।

जसमा रकेट पटका ४० प्याकेट, झिरझिरे १८० प्याकेट, नागिन पटका १५ प्याकेट र किङ्ग कोब्रा पटका ८८० प्याकेट बरामद गरिएको गण प्रमुख निभन खड्काले जानकारी दिनुभयो । बरामद गरिएको पटाका गण परिसरमा खाल्डोमा पुरी नष्ट गरिएको हो ।

तिहार नजिकिदै गर्दा व्यापारको लागि पटकाको अबैध ओसारपसार बढेपछि सुरक्षा निगरानी बढाएको सशस्त्र प्रहरीले जनाएको छ ।

चाडपर्व सुरक्षा योजना अन्तरगत सवारी जाँचको क्रममा विद्युतीय गाडी उक्त परिमाणको पटका बरामद गरिएको थियो ।

उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार उपभोक्ता संरक्षण सम्बन्धी कानूनको पालना गरौं । उपभोक्ताहरुले पनि आफ्नो अधिकारको लागि खबरदारी जारी राखौं । उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानीबाट क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था कार्यान्वनको लागि हातेमालो गरौं ।

सार्वजनिक हितको लागि

सहीखबर

दीपावली मनाउँदा ध्यान दिऔं

❖ दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
❖ मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
❖ यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
❖ विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
❖ पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डेंगीबाट बचौं र बचाऔं

लक्षण: ❖ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
❖ अत्याधिक टाउको दुख्नु, उच्च ज्वरो आउनु,
❖ शरीरमा राता बिबिराहरु आउनु,
❖ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

❖ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
❖ सुत्ने बेलामा झुल लगाएर सुतौं,
❖ एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

३ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका